भुटानका राजनीतिक बन्दीहरूको बिना शर्त रिहाइ गर्न एसएएचआरको आव्हान

साउथ एसियन्स फोर ह्युमन राइट्स् (एसएएचआर), मानव अधिकार संरक्षकमा काम गर्दै आएको क्षेत्रीय सञ्जाल संस्थाले भुटानी सरकारलाई तीन दशक भन्दा बढी कैद गरिएका राजबन्दीहरूको बिना शर्त रिहाइको माग गर्छ । नेपालमा भएको विश्व सामाजिक मञ्चको १६ औं संशोधनमा एसएएचआरले आयोजना गरेको 'भुटान्स प्रिजनर्स अफ कन्सियन्स' कार्यक्रममा सो माग राखिएको हो ।

कार्यक्रममा विशेषत सन् १९८० को अन्त्यतिर र १९९० को  शुरुआततिर नेपाली मुलका भुटानी नागरिकहरु (लोत्सम्पा)को निर्वासनका बारेमा छलफल भयो । नेपाल तथा बाहिरी विश्वलाई भुटानी शरणार्थीको बारेमा थोरबहुत थाहा भएपनि भुटानमै वर्षौंदेखि थुनामा रहेका राजबन्दीबारे धेरैलाई जानकारी नरहेको र अझ देशनिकाला गर्ने बहानामा बेपत्ता बनाइएका भुटानीका बारे कहीं कतै सरोकारै नराखिएको बारे बहस भएको थियो ।

वर्तमान समयमा भुटानले आफ्नो देशको कुल राष्ट्रिय खुशी (जीएनएच) सूचकांकमा उच्च स्थानमा रहेको भनिरख्दा, भुटानले रणनीतिक रूपमा देशनिकाला गराएको लोत्साम्पा नाागरिकलाई दिएको पीडा र दुखलाई लुकाएको छ । नेपालीभाषी भुटानीलाई राज्यविहीन बनाएर 'राष्ट्र विरोधी' वा 'गैरराष्ट्रिय' वर्गीकरणमा राख्दै बन्दी बनाएको पीडाको भने लेखाजोखा गर्न भुटानले बिर्सिएको छ । यी राजबन्दीहरूलाई उनीहरूको राजनैतिक धारणा वा पहिचानकै भरमा कतिलाई फसाएर 'बन्दी' बनाइएको छ । विभिन्न अन्तराष्ट्रिय मानव अधिकारवादी संघसंस्थाहरु अनुसार ५० देखि १ सयको हाराहारीमा राजबन्दी अझै पनि थुनामा रहेका छन् । यी मध्ये ३७ जना बिना कुनै कानूनी पैरवी, ४३ बर्षसम्मको जन्मकैदको सजाय तोकिएर चेम्गाङ कारगारमा बन्दी भएका छन् ।

सन् २००८ मा भुटानले संवैधानिक परिपाटी र बहुदलीय लोकतन्त्रलाई अंगालेपनि भुटानको केन्द्रीय राज्य संरचना र शक्ति भने अझै पनि राजपरिवार प्रणालीमै सीमित रहेको देखिन्छ । सन् ९० को दशकमा प्रजातन्त्रका पक्षधर र 'ड्रिग्लाम नाम्जा' जस्ता ड्रूक्पा समुदायको सांस्कृतिक शुद्धतालाई समर्थन गर्ने भेदभावपूर्ण नीतिका विरुद्ध उभिएका अभियन्ताहरूलाई कैदी बनाएको भुटानले अझै रिहाइ दिएको छैन ।

विभिन्न मानवअधिकार संगठनहरूले समय-समयमा राजनीतिक बन्दीहरूको रिहाइका लागि पहल गरे पनि सफल हुन सकेका छैनन्। राजबन्दीहरूको रिहाइको अन्तिम फैसला भुटानको वर्तमान

राजा जिग्मे खेसर नाम्याल वाङ्चुकको जिम्मेवारी रहेको भन्दै एसएएचआरले यो प्रकरणमा राजा वाङ्चुक जवाफदेही हुनुपर्ने अडान राखेको छ ।

भुटानको 'सुखी र खुशी' राष्ट्रको छविलाई यथावत् राख्ने हो भने यी राजबन्दीलाई रिहा गर्नुपर्ने धारणा राख्दै एसएएचआरले शरणार्थीलाई आश्रय दिएको देश नेपाल र शरणार्थी समस्या समाधानका विषयमा केही पहल नलिएको भुटानको छिमेकी राष्ट्र भारतसहितले शरणार्थीको स्वेच्छिक घर फिर्तीका मागलाई आत्मसात गर्न आग्रह गरेको छ । पूर्वी नेपालका झापा र मोरङमा रहेका ६ हजार ३ सय ५० शरणार्थीमध्ये अधिकांसले तेस्रो देश पुनर्वास नकारेर स्वदेश फिर्ती अधिकारको माग राख्दै आएका छन् ।

यी बाँकी रहेका शरणार्थीको जीवनरक्षा र जीविकोपार्जनमा शरणार्थी आयोग (यूएनएचसिआर) र विश्व खाद्य कार्यक्रम(डब्लुएफपी) जस्ता अन्तराष्ट्रिय संस्थाहरू पनि लापरवाह रहेको भन्दै एसएएचआरले शरणार्थीले पाउनुपर्ने शिक्षा, स्वास्थ्य, श्रम अनुमती, जन्म, मृत्यु दर्ताको प्रकृया सहजीकरणमा साथ दिन नेपाल सरकारसँग अनुरोध गरेको छ । एसएएचआरले नेपाल सरकार सहित अन्तराष्ट्रिय संगठनहरूलाई नेपालमा रहेका शरणार्थीहरूलाई पुन सहयोग गर्न तथा सुरक्षा प्रदान गर्न माग गरेको छ।

भुटानी शरणार्थीहरूको पहिचान दुरुपयोग गरेर नक्कली भुटानी शरणार्थी बनाउँदै तेस्रो देशमा पुनर्वास गराउने नेपालका ठूला राजनीतिज्ञहरु र कार्यकर्ताहरूको प्रपञ्चले सक्कली शरणार्थीहरूको जीविकोपार्जन थप कष्टकर बन्न गएको ध्यानाकर्षण समेत एसएएचआरले गराएको छ ।

यसलगायत, एसएएचआरले भुटानको राजबन्दीहरू र शरणार्थीहरूको तर्फबाट निम्न माग पेश गर्दछ:

- नेपालमा आएका मध्ये ९० प्रतिशत भुटानी (१ लाख १३ हजार ५ सय) शरणार्थीलाई तेस्रो देश पुर्नस्थापनाको कार्यक्रममा समेटिएपनि शरणार्थी समस्या समाधानमा यो अस्थायी उपाय मात्रै हो । भुटानी नागरिकले उनीहरुको आवाज र नैसर्गिक हक अनुसार स्वेच्छिक घरफिर्ती अधिकार पाउनुपर्छ ।
- नेपाल सरकारले पछिल्ला महिनामा भुटानी शरणार्थीका हकमा आधारभूत सेवा, सुविधा र सहुलियतमा समेत रोक लगाएको अवस्था छ । यात्रा अनुमति पत्र, जन्म तथा मृत्यु दर्ता, विवाह प्रमाणपत्र र शरणार्थी परिचयपत्र नवीकरण लगायतका कामकारवाहीमा पनि रोक

लगाएको देखिन्छ । मानव अधिकार अन्तर्गत आधारभूत र न्यूनतम हक अधिकारलाई सहज बनाउने दिशामा सरकारको ध्यान आकृष्ट हुनुपर्छ ।

- नेपालमा रहेका ल्होत्साम्पा शरणार्थीहरूलाई सम्मानजनक र गुणस्तरीय जीवनयापनको अधिकार छ जसका लागि उनीहरूलाई काम गर्ने अधिकार (श्रम अनुमती पत्र) दिइनुपर्छ ।
- नेपालमा नेपाली नमगरिकलाई नक्कली शरणार्थी बनाउदैँ तेस्रो देश पुनर्वासमा पठाएको मुद्दाको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनी कठघरामा ल्याउनुपर्छ, र शरणार्थीहरूलाई यो मुद्दाले गर्दा थप विभेदको शिकार बनाउनुहुँदैन।

मानवअधिकारका लागि दक्षिणएसियालीका सम्पूर्ण सदस्य सहित,

डा. रोस्मी गोस्वामी
सह-अध्यक्ष

डा. पी. सराभनामुट्टु
ब्यूरो सदस्य